सियारी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : १०　　　　　संख्या : २　　　　　मिति : २०८३/०४/११

भाग २

सियारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही, लुम्बिनी प्रदेश,नेपालको

सूचना

सियारी गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको " **सियारी गाउँपालिका, हर्नैया रुपन्देहीको 'घ' वर्गको निर्माण व्यसायी इजाजत सम्बन्धी कार्यविधि २०७८ ( पहिलो संसोधन २०८२ )** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

सियारी गाउँपालिका, हर्नैया रुपन्देहीको 'घ' वर्गको निर्माण व्यसायी इजाजत सम्बन्धी कार्यविधि २०७८ ( पहिलो संसोधन २०८२ )

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०९/२३

आज्ञाले

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

## 'घ' वर्गको निर्माण व्यवसायी इजाजतसम्बन्धी कार्यविधि, २०७८ (पहिलो संशोधन २०८२)

कार्यपालिकाको मितिः२०८२/०९/२३ को निर्णय अनुसार " 'घ' वर्गको निर्माण व्यवसायी इजाजतसम्बन्धी कार्यविधि, २०७८ मा तपसिल बमोजिम पहिलो संशोधन गरिएको छ । यस पछि कार्यविधिको नाम "'घ' वर्गको निर्माण व्यवसायी इजाजतसम्बन्धी कार्यविधि, २०७८" ( पहिलो संशोधन २०८२) रहने छ ।

| परिच्छेद र दफा | हालको कार्यविधिमा भएको | थप्ने, हटाउने वा संशोधन गरिएको । | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा २ को उपदफा २ | उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची–५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल इन्जिनियर/सब इन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ। | प्रशासन शाखा प्रमुखको संयोजकत्वमा, सिभिल इन्जिनियर/सब इन्जिनियर र राजस्व शाखा प्रमुख सदस्य सचिव रहने गरी 'घ' वर्ग निर्माण व्यवसायी इजाजतपत्र निरीक्षण समिती रहने छ र सो समितिबाट जाँचबुझ गराउनु पर्नेछ। | थप गरिएको । |
| दफा २ को उपदफा (४) | अनुसुची २ बमोजिम दस्तुर लिई इजाजतपत्र दिने | आर्थिक ऐन बमोजिम दस्तुर लिई | सियारी गाउँपालिकाको आर्थिक ऐनसँग बाँझिएको । |
| दफा ३ को उपदफा २ | अनुसूची २ बमोजिम दस्तुर लिई नविकरण गर्ने | आर्थिक ऐन बमोजिम दस्तुर लिई | सियारी गाउँपालिकाको आर्थिक ऐनसँग बाँझिएको । |
| दफा ३ को उपदफा ३ | म्याद नाघेको ६ महिनाभित्र सब प्रकृया पुरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्र.प्र.अ. ले नविकरण गर्ने | म्याद नाघेको समयभित्र सब प्रकृया पुरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा आर्थिक ऐन बमोजिमको थप दस्तुर लिई प्र.प्र.अ. ले नविकरण गर्ने | आर्थिक ऐन बमोजिम बनाउनको लागि । |
| दफा ४ को उपदफा १ को (घ) | | एक व्यक्तिले एक भन्दा बढि निर्माण व्यवसायी इजाजतपत्र प्राप्त गरेको पुष्टि भएमा । | थप गरिएको । |
| क्रमश दफा ६ र ७ थप गरिएको र दफा ६ र ७ मा व्यवस्था भएको | | इजाजतपत्रको नामसारीसम्बन्धी व्यवस्था,इजाजतपत्रको ठाउँसारीसम्बन्धी व्यवस्था, | क्रमश दफा ६ र ७ थप गरि र दफा ६ र ७ मा व्यवस्था भएको दफा लाई ८ र ९ मा सारिएको । |

रोमलाल पुरी
प्रशासकीय अधिकृत

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

... ईश्वर घिमिरे
अध्यक्ष

| | | | |
|---|---|---|---|
| दफा लाई ८ र ९ मा सारिएको। | | | |
| अनुसूची २ | रकम तोकिएको। | आर्थिक ऐन बमोजिम बनाईएको | सियारी गाउँपालिकाको आर्थिक ऐनसँग बाँझिएको |
| अनुसूची ५ | ३ नं. को क) मा रहेको टिपर/ट्याक्टर (१/१ थान) | वा भाडामा भएमा कम्तीमा एक वर्षको सम्झौता भएको | थप गरिएको। |
| अनुसुची ५ | द्रष्टव्य को नं. ३ मा माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन। | १ वर्ष बनाईएको। | प्रत्येक वर्ष नविकरण गर्दा पेश गर्नु पर्ने भएकोले। |

सिता गौतम
व्यवसाय दर्ता ईकाइ

हेम प्रसाद सापकोटा
राजस्व ईकाइ

रोमलाल पुरी
प्रशासन शाखा प्रमुख

लक्ष्मण पाण्डे
प्र.प्र.अ

पारेश्वर घिमिरे
अध्यक्ष
सियारी गाउँपालिका

रोमलाल पुरी
प्रशासकीय अधिकृत

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पारेश्वर घिमिरे
अध्यक्ष